# पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड: १० | संख्या: १ | मिति २०८३/०३/३० |

**भाग-१**

**पथरी शनिश्चरे नगरपालिका, पथरी मोरङ**

ऐनको नाम: पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दोस्रो संशोधन, २०८३

नगर सभाबाट स्वीकृत मिति: २०८३/०३/१०

प्रमाणिकरण मिति: २०८३/०३/३०

आज्ञाले
राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दोस्रो संशोधन,२०८३

नेपालको संविधानको धारा ५७ को उपधारा (४) अनुसार अनुसूची ८ को ८ मा उल्लेखित शिक्षासम्वन्धी अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-३ गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारका दफा ११ (२) (ज) आधारभूत तथा माध्यमिक शिक्षाअन्तर्गत उल्लेखित अधिकारको प्रयोग गरी पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा माध्यमिक तथा आधारभूत शिक्षा लगायतका शैक्षिक कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-१५ दफा १०२ को उपदफा (१) ले दिइएको अधिकार प्रयोग गरी पथरी शनिश्चरे नगरपालिकाको उन्नाइसौ नगरसभाबाट यो ऐन संशोधन गरी जारी गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो ऐनको नाम पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दोस्रो संशोधन,२०८३

(२) यो ऐन पथरी शनिश्चरे नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि तत्काल लागु हुनेछ।

(३) यो ऐन पथरी शनिश्चरे नगरपालिका भित्र लागु हुनेछ।

## २. संशोधन गरिएका दफा तथा अनुसूचीहरू:

२. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ दफा २६ को उपदफा १ को खण्ड ग झिकिएको।

३. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ दफा ३२ को उपदफा १ को खण्ड ग झिकिएको।

४. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ दफा ६३ सरूवा सम्बन्धी व्यवस्थामा भएका उपदफा १ देखि उपदफा ९ सम्मका व्यवस्थाहरू खारेज गरी देहाय अनुसार संशोधन गरी दफा ६३ कायम गरिएको।

(१) यो ऐन लागु भएपछि एउटै विद्यालयमा पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका शिक्षकहरूलाई नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नगर भित्रका सामुदायिक विद्यालयहरूमा जुन सुकै समयमा अनिवार्य सरूवा गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम शिक्षकको सरूवा गर्दा सरूवा भई जाने विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक पर्नेछ। यसरी सरूवा सहमति प्रदान गर्दा पाँच वर्ष सेवा अवधि पुरा भएको कुनै शिक्षकलाई सरूवा गर्न उपयुक्त नहुने वा निज शिक्षकलाई सरूवा गर्दा विद्यालयको विद्यमान शैक्षिक अवस्थामा प्रतिकुल असर पर्ने विद्यालय व्यवस्थापन समितिको पूर्ण बैठकबाट ठहर भएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सोको कारण सहित सरूवा सहमति प्रदान गर्न नसकिने लिखित जानकारी नगर शिक्षा समितिमा गराउनु पर्नेछ। नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिले पठाएका कारण मानासिव ठहर गरेमा निज शिक्षकलाई सरूवा नगर्ने गरी कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ।

(३) उपदफा १ बमोजिम शिक्षकको सरूवा गर्दा विद्यालयको शिक्षक दरबन्दी सङ्ख्या तथा आधारभूत तहको कक्षा ६- ८ तथा माध्यमिक तहमा विषयगत संरचना मिल्ने गरी सरूवा गर्नुपर्ने छ।

(४) नगरपालिकाबाट शिक्षकहरूको एकै पटक सरूवा गर्दा नगर शिक्षा समितिले विद्यालयमा भएका विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा विद्यालयको मौजुदा दरबन्दी संरचनामा समेत सामान्य फेरवदल गर्न सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पाँच वर्ष सेवा अवधि पुरा नभएका र अनिवार्य अवकाश हुन एक वर्ष बाँकि रहेका शिक्षकहरूलाई अनिवार्य सरूवा व्यवस्था लागु नहुने तर निज शिक्षकले सरूवा जान चाहेमा सरूवा गर्न बाधा पर्ने छैन ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा नगर शिक्षा समितिलाई जुनसुकै समयमा पनि शिक्षकको सरूवा गर्न बाधा पर्ने छैन ।

क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा गर्न सम्वन्धित प्रधानाध्यापकले बारम्बार सचेत गराउदाँसमेत जिम्मेवारी पूरा गर्न नसकेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयसहित सिफारिस भएमा,

ख) एउटा विद्यालयमा आवश्यकताभन्दा बढी एकै विषयका शिक्षक भएमा,

ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्डभन्दा बढी शिक्षक भएमा,

घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

ङ) विद्यालयमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्या नभएका कारण विद्यालयको तह तथा कक्षा समायोजन गर्नुपरेमा वा विद्यालय बन्द गर्नु परेमा ।

च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायत कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने बेहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(७) उपदफा १ बमोजिम शिक्षकको सरूवा गर्दा देहायका आधार तथा प्रक्रिया पुरा गर्नुपर्नेछ ।

क) शिक्षक सरूवाका लागि नगर शिक्षा समितिले निर्णय गरी सात दिनको समय राखी नगरपालिकाले सार्वजनिक सूचना गर्नु पर्नेछ ।

ख) हाल कार्यरत विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा भएका शिक्षकले सरुवाका लागि अनुसूची-१२ (क) बमोजिमको ढाँचामा विद्यालयको रोजाईको प्राथमिकतासहित आवश्यक कागजात सम्लग्न राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

ग) प्राप्त भएका निवेदनका विषयमा छानविन गरी सिफारिस गर्नका लागि नगर शिक्षा समितिले कार्यदल निर्माण गर्न सक्नेछ ।

घ) कार्यदलको सिफारिसका आधारमा नगर शिक्षा समितिले थप अध्ययन गरी विषयगत रूपमा तथा विद्यालयहरूको आवश्यकता समेतलाई आधार बनाई शिक्षक सरूवा तथा पदस्थापनको निर्णयका लागि कार्यापालिकामा पेश गर्नु पर्नेछ ।

८) उपदफा १ बमोजिम शिक्षकको सरूवा शिक्षक पदस्थापनका लागि देहाय अनुसार प्राथमिकता क्रम कायम गर्नुपर्नेछ।

क) स्थायी नियुक्ति मितिको जेष्ठताका आधारमा,

ख) उपदफा (क) अनुसारको क्रम कायम गरी सके पश्चात राहात शिक्षकहरूको नियुक्ति मितिको जेष्ठताका आधारमा,

ग) उपदफा (ख) अनुसारको क्रम कायम गरी सके पश्चात अस्थायी करार शिक्षकहरूको नियुक्ति मितिको जेष्ठताका आधारमा,

घ) साविक उमावि, प्रारम्भिक वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई नियुक्ति मितिको जेष्ठताका आधारमा,

९) दफा ८ अनुसार सरुवा हुने शिक्षकहरूलाई पदस्थापन गर्दा ५ वर्ष भन्दा कम उमेरको बच्चा भएको महिला,अपाङ्गता भएका शिक्षक,दिर्घरोगी तथा सम्बन्धित वडावासीलाई विशेष प्राथमिकता दिइनेछ ।

१०) प्रारम्भिक वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई सम्बन्धित वडाको स्थायी वासिन्दालाई प्राथमिकतामा राखी पदस्थापन गरिनेछ ।

११) आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको कक्षा ९-१० मा नगर शिक्षा समितिले शिक्षक सरूवा गर्दा विद्यालयमा माथिल्लो कक्षा/तहमा अध्ययपन गर्न आवश्यक पर्ने शैक्षिक योग्यता भएको र विषय मिल्ने शिक्षकहरूलाई विद्यालयको आवश्यकताका आधारमा प्राथमिकता कायम गर्न सक्नेछ ।

५. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ दफा ६५ छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने उपदफा १ देखि दफा ४ सम्म खारेज गरी देहाय अनुसार कायम गरिएको ।

(१) नगर भित्र सञ्चालित संस्थागत विद्यालयहरूले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याका आधारमा देहायबमोजिमका खुला समूह (जेहेन्दार), महिला (छात्रा), विपन्न , जनजाति/ आदिवासी मधेसी, दलित, सीमान्तकृत तथा अपाङ्गता भएका कम्तिमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(२) विद्यालयले छात्रवृत्ति कोटा निर्धारण गर्दा प्रतिशतमा कायम हुने गरी विद्यार्थी सङ्ख्या छुट्याउनु पर्नेछ ।

(क) खुला समूह- जेहेन्दार – ४५ प्रतिशत

(ख) समावेशी समूह- ५५ प्रतिशत

(३) समावेशी समूहका लागि वितरित ५५ प्रतिशत छात्रवृत्ति कोटालाई शत प्रतिशत मानी देहाय अनुसार समावेशी समूहमा वर्गिकरण गरी विद्यार्थी सङ्ख्या यकिन गरिनेछ ।

(क) महिला (छात्रा)- ३० प्रतिशत

(ख) आर्थिक रूपमा विपन्न- २५ प्रतिशत

(ग) आदिवासी/ जनजाति- २०

(घ) दलित- १० प्रतिशत

(ङ) मधेसी – ५ प्रतिशत

(च) सीमान्तकृत- ५ प्रतिशत

(छ) अपाङ्गता- ५ प्रतिशत

(४) उपदफा (३) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने विद्यार्थी सङ्ख्या निर्धारण गर्दा त्यस्तो छात्रवृत्ति प्राप्त गर्नका लागि निवेदन दिन विद्यार्थीहरूका लागि विद्यालयले सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ । यसको जानकारी सबै अभिभावक र विद्यार्थीहरूलाई गराउनु विद्यालयको कर्तव्य हुनेछ ।

(५) उपदफा (४) बमोजिम छात्रवृत्ति प्राप्त गर्नका लागि विद्यालयमा पेश भएका निवेदन सम्बन्धमा छानविन गरी निर्णय गर्नका लागि देहाय अनुसार छात्रवृत्ति छनौट समिति गठन गर्नु पर्नेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि- संयोजक

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी- सदस्य

(ग) विद्यालय व्यवस्थापन समिति अध्यक्ष- सदस्य

(घ) शिक्षक अभिभावक संघ अध्यक्ष वा अभिभावक मध्ये मनोनित एक जना- सदस्य

(ङ) विद्यालयको प्रअ – सदस्य सचिव

(६) उपदफा (१) बमोजिम छात्रवृत्ति शैक्षिक सत्र सुरु भएको ५ महिना भित्रमा उपलब्ध गराइसक्नुपर्नेछ।

(७) कुनै समावेशी समूहका लागि निर्धारण गरिएको कोटामा विद्यार्थी छनोट नभएमा वा कोटा पुरा नभएमा उक्त कोटा खुला समूहमा गणना गरिनेछ।

(८) समावेशी समूहका लागि छात्रवृत्तिमा आवेदन पेश गर्दा देहाय अनुसारका कागजातहरूसहित निवेदन पेश गर्नु पर्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको 'जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात।

(ग) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(घ) विपन्नताको हकमा आवेदकको स्थायी ठेगाना भएको स्थानीय तहअन्तर्गतको सम्बन्धित वडाबाट विपन्न परिवारको सदस्य भएको सिफारिसपत्र।

(ङ) अपाङ्गताको हकमा सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र।

(च) सिमान्तकृत समूहको हकमा नेपाल सरकारले तोकेको सिमान्तकृत समूहभित्र भएको आधारमा।

(९) उपदफा (५) बमोजिम गठित समितिले निर्णय गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण विद्यालयले सार्वजनिक गरी तोकिएको समयमा नगरपालिकामा अनिवार्य पेश गर्नु पर्नेछ।

(१०) यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले परीक्षाको पाठ्यक्रम निर्धारण गरी संस्थागत विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति प्रतिशत निर्धारण गरेर नगर पालिकाबाट नै परीक्षा सञ्चालन गरी विद्यालयमा विद्यार्थी सिफारिस समेत गर्न बाधा पर्नेछैन।

(११) उपदफा (१) बमोजिम प्रत्येक संस्थागत विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति तोकिए बमोजिम भए नभएको यकिन गर्न नगर शिक्षा समितिले अनुगमन गर्नेछ।

६. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ अनुसूची १२ पछि अनुसूची १२ क थप गरिएको।

७. शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ अनुसूची १४ मा भएको जिल्ला शिक्षा अधिकारी भन्ने शब्दको सट्टा स्थानीय तह भन्ने शब्द राखिएको।

## अनुसूची–१२ (क)
### (दफा ६३ को उपदफा ७ को खण्ड ख सँग सम्बन्धित)
### सरुवा हुन दिइने निवेदन

श्री शिक्षा शाखा प्रमुख ज्यू
नगरपालिका ।............

विषयः सरुवा सम्बन्धमा ।

मलाई निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम, थरः
स्थायी ठेगानाः स्थायी/अस्थायी नियुक्ति मितिः
हालको विद्यालयको नाम र ठेगानाः तह र श्रेणीः
न्यूनतम शैक्षिक योग्यता र तालीमः माथिल्लो शैक्षिक योग्यताः
हालको विद्यालयमा काम गरेको अवधिः

सहमति सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको

(क) यस विद्यालयको ...............तह............श्रेणीमा ...........................विषयका शिक्षक श्री ..................................लाई विद्यालय व्यवस्थापन समितिको मिति.......................................................निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।

विद्यालयको छाप

व्यवस्थापन समितिको अध्यक्षको–
सहीः
नामः
विद्यालयः
मितिः

सरुवा भई जान चाहेका विद्यालयहरूका प्राथमिकता क्रमः

| क्र.स. | विद्यालयको नाम र ठेगाना | प्राथमिकता क्रम | क्र.स. | विद्यालयको नाम र ठेगाना | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|
| १ | | | १४ | | |
| २ | | | १५ | | |
| ३ | | | १६ | | |
| ४ | | | १७ | | |
| ५ | | | १८ | | |
| ६ | | | १९ | | |
| ७ | | | २० | | |
| ८ | | | २१ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | | | २२ | | |
| १० | | | २३ | | |
| ११ | | | २४ | | |
| १२ | | | २५ | | |
| १३ | | | २६ | | |

निवेदकको–
सहीः
नामः
मितिः

आज्ञाले
राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत